नेपाल सरकार

# प्रदेश प्रमुख

सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

नेपाल सरकार
प्रदेश प्रमुख
सुदूरपश्चिम प्रदेश
धनगढी, नेपाल

## संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८३ को शुभकामना सन्देश

संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८३ को सुखद् अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पुर्ण नेपाली दिदीबहिनी तथा दाजुभाईहरुमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु। यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि भएका विभिन्न संघर्षहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

नेपाली जनताले पटक पटक गर्दै आएका संघर्ष र बलिदानको प्रतिफल स्वरुप ऐतिहासिक संविधानसभा मार्फत २०७२ साल असोज ३ गते नेपालको संविधान जारी भएको ऐतिहासिक उपलव्धिको सम्झना र सम्मान स्वरुप आज हामी संविधान दिवस मनाई रहेका छौं। संविधानले परिकल्पना गरेको विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यवद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्द्धन गर्दै आर्थिक समानता र समृद्धि मार्फत सामाजिक न्यायमा आधारित समतामूलक समाज निर्माणको राष्ट्रिय लक्ष्य प्राप्तिका लागि समस्त नेपाली दिदीबहिनी तथा दाजुभाईहरु, राजनीतिक दलहरु, नागरिक समाज, निजी क्षेत्र एवं राज्यका विभिन्न तह र तप्काले आ-आफ्नो क्षेत्रबाट अझै प्रतिवद्ध भई लाग्नुहुनेछ भन्ने मलाई विश्वास छ।

अन्त्यमा, यस ऐतिहासिक दिवसले यस प्रदेशमा पनि दिगो शान्ति, सुशासन, विकास र समृद्धिको राष्ट्रिय लक्ष्य हासिल गर्ने बाटोमा अघि बढ्न सबैलाई प्रेरणा मिलोस भन्ने शुभेच्छा सहित पुनः संबिधान दिवस तथा राष्ट्रिय दिवस, २०८३ को हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

२०८३ साल असोज ३ गते, शनिवार

नजिर मियाँ
प्रदेश प्रमुख

**नजिर मियाँ**
**प्रदेश प्रमुख**